# निजगढ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# निजगढ, वारा, मधेश प्रदेश, नेपाल

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको सूचनाः

(मिति २०८३ बैशाख १ गते देखि मिति २०८३ असार मसान्तसम्मको विवरण)

(१) नगरपालिकाको स्वरुप र प्रकृतिः

निजगढ नगरपालिका साविकको भरतगंज सिंगौल गा. वि. स. , रतनपुरी गा. वि. स. र आदर्श गाउँ विकास समिति निजगढ गाभिएर वि. सं. २०७१ साल बैशाख २५ गते स्थापना भई विभिन्न समयमा संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारद्वारा जारी भएका कानून बमोजिम तोकिएका कार्य, जिम्मेवारीसहित नियमित सेवा प्रवाह गर्दै आइरहेको छ । साविकमा गाउँ विकास समिति रहेको अवस्थामा स्थानीय स्वायत्त शासन ऐन, २०५५ हुँदै नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम संघीय संरचना अन्तर्गत स्थानीय सरकारको रुपमा सेवा प्रवाह गर्दै आइरहेको नगरपालिका हो।

(२) नगरपालिकाको काम, कर्तब्य र अधिकारः

यस नगरपालिका नेपालको संविधानको अनुसूची-८ मा स्थानीय तहको एकल अधिकारका सूची र अनुसूची-९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ र मधेश प्रदेशले कानून बमोजिम स्थानीय तहसम्बन्धी जारी गरिएका ऐन, नियम तथा अन्य कानूनी प्रबन्धहरु, समय समयमा जारी हुने परिपत्रहरु एवं नगरपालिकाको स्थानीय कानूनहरु, ऐन, नियमावलीहरु, कार्यविधि, निर्देशिका, मापदण्ड, मार्गदर्शन र निर्णयहरु समेतले तोके बमोजिमको काम, कर्तब्य र अधिकारद्वारा निर्दिष्ट रहेको छ।

(३) नगरपालिकामा रहने कर्मचारी विवरणः

यस नगरपालिकामा स्थायी, समायोजन भई आएका, करार, ज्यालादारी कर्मचारीको सेवा, समूह, तह समेतको विस्तृत विवरण र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तोकेको यस नगरपालिकाको संगठन संरचना बमोजिम काम कारवाही भइरहेको छ । कार्यरत पदाधिकारी एवं कर्मचारीहरुको विवरण यस नगरपालिकाको वेबसाइट www.nijgadhmun.gov.np मा समेत राखिएको छ।

(४) नगरपालिकाबाट प्रदान गरिने सेवाः

जीवन गौतम
सूचना अधिकारी

# निजगढ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# निजगढ, बारा, मधेश प्रदेश, नेपाल

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघीय तथा मधेश प्रदेशको कानून बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा समय समयमा जारी हुने परिपत्रहरु एवं यस नगरपालिकाको स्थानीय कानूनहरु (ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड समेत), निर्णयहरु तथा नगरपालिकाको नियमित अभ्यासहरुको अधीनमा रही स्थानीय सरकारको रुपमा सेवा तथा सुविधाहरु प्रदान गर्दै आइरहेको छ।

(५) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः

यस नगरपालिका अन्तर्गत नियमित सेवा प्रवाहका लागि ८ ओटा शाखाहरु, ११ ओटा उपशाखाहरु, १ आन्तारिक लेखा परीक्षण एकाइ, १ रोजगार सेवा केन्द्र, १३ ओटा वडा कार्यालयहरु, ११ ओटा स्वास्थ्य संस्थाहरु, २७ ओटा सामुदायिक विद्यालयहरु तथा ९ ओटा संस्थागत विद्यालयहरु रहेका छन्। नगरपालिकाको नगर प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, सूचना अधिकारी, गुनासो सुन्ने अधिकृत तथा कार्यरत कर्मचारीहरुको विवरण नगरपालिकाको वेबसाइट www.nijgadhmun.gov.np मा उल्लेख गरिएको छ।

(६) सेवा प्राप्त गर्ने लाग्ने दस्तुर र अवधिः

यस निजगढ नगरपालिकाबाट प्रदान गरिने विभिन्न प्रकारका सेवाहरुमा लाग्ने शुल्क एवं समयावधिको विवरण निजगढ नगरपालिकाको हरेक आर्थिक वर्षका लागि नगर सभाबाट जारी हुने आर्थिक ऐन, नीति, कार्यक्रम, बजेट, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, स्थानीय कानूनबाट निर्धारण गरिएको छ।

(७) निर्णय गर्ने प्रक्रिया र अधिकारीः

यस निजगढ नगरपालिकाको नगर सभा, नगर कार्यपालिकाको बैठक, संघीय, मधेश प्रदेशको कानून र स्थानीय ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, प्रचलित अभ्यासहरु तथा समय समयमा हुने निर्णयहरुको अभ्यासमा रही नगर प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत मार्फत निर्देशित कार्यसम्पादन गर्नका पदीय जिम्मेवारीमा रहने कर्मचारीहरुको कार्यविवरण स्पष्ट तोकिएको छ। नगरपालिकाको नीतिगत निर्णय लिने, आवश्यक मार्गदर्शन दिने र कार्यालयबाट हुने कामकारबाहीलाई निरन्तर अनुगमन, निरीक्षण तथा नियन्त्रण गर्ने कार्य नगर सभा र नगर कार्यपालिकाको बैठकले गरेको निर्णय, अनुगमन समिति, अन्य संस्थागत संयन्त्रबाट समेत हुने गरेको छ।

(८) गुनासो सुन्ने अधिकारी/ निर्णय उपर उजुरी सुन्ने अधिकारीः

निजगढ नगरपालिका नगर कार्यपालिकाको कार्यालय निजगढ, बारा मधेश प्रदेश, नेपाल २०७३

जीवन गौतम
सूचना अधिकारी

# निजगढ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## निजगढ, वारा, मधेश प्रदेश, नेपाल

यस निजगढ नगरपालिकाको काम कारवाही सम्बन्धमा सेवाग्राहीहरुको गुनासो तथा उजुरी सुन्नका लागि नगरपालिकाको सूचना प्रवधि अधिकृत नविन तिमल्सिनालाई तोकिएको छ । निर्णय उपर उजुरी सुन्ने अधिकारीको हकमा नगर प्रमुख हुनुहुन्छ ।

(९) सम्पादन गरेको कामको विवरणः

यस नगरपालिका नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ, प्रदेश र स्थानीय कानूनले तोके बमोजिम स्थानीय सरकारको रुपमा नगरपालिकाले गर्न सक्ने सम्पूर्ण काम कारवाहीहरु गर्दै आइरहेको छ ।

(१०)कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पदः

कार्यालय प्रमुखः सुर्य प्रसाद गौतम
इमेल ठेगानाः cao@nijgadhmun.gov.np
सम्पर्क नम्बरः ९८५५०७६१११
सूचना अधिकारी नामः जीवन गौतम
पदः योजना अधिकृत , शाखा प्रमुख (योजना तथा अनुगमन शाखा)
सम्पर्क नं.: ९८५१४४८२६९
इमेल ठेगानाः suchanaadhikari053@gmail.com

(११)ऐन, नियमावली, कार्यविधि, निर्देशिका मापदण्डको सूचीः

निजगढ नगरपालिकासँग सम्बन्धित संघीय र प्रदेश कानूनहरुका अलवा स्थानीय ऐन, नियमावली, कार्यविधि, निर्देशिका र मापदण्डहरु रहेको छ । उक्त स्थानीय कानूनहरु स्थानीय राजपत्रमा प्रकाशन गरी नगरपालिकाको वेबसाइट www.nijgadhmun.gov.np मा राखिएको छ ।

(१२) आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणः
यस नगरपालिकाको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी विवरणहरु संवत् २०८३ साल बैशाख १ गते देखि २०८३ साल असार मसान्तसम्मको क्षेत्रगत बजेट खर्च तथा विवरण यसप्रकार रहेको छ ।

निजगढ नगरपालिका नगर कार्यपालिकाको कार्यालय निजगढ, बारा मधेश प्रदेश, नेपाल २०७२

जीवन गौतम
सूचना अधिकारी

# निजगढ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, बारा
**Office Code : ८०२२१४०२३००**

### आय व्ययको बिबरण

FY : २०८२/८३ अवधी : २०८३/०१/०१-२०८३/०३/३२

**आय**

| शीर्षक | प्रस्तावित आय | वास्तविक आय | Income(%) | मौज्दात |
|---|---|---|---|---|
| संघीय सरकार | ४१,२४,६०,०००.०० | १२,८२,८२,६९६.०० | ३१.१ | २८,४१,७७,३०४.०० |
| १३३११ समानिकरण अनुदान | १२,५६,००,०००.०० | २,६४,०१,१२०.०० | २१.०२ | ९,९१,९८,८८०.०० |
| १३३१२ शसर्त अनुदान चालु | २३,९१,६०,०००.०० | ७,१६,९७,०००.०० | २९.९८ | १६,७४,६३,०००.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | १,६६,००,०००.०० | १,२४,५०,०००.०० | ७५ | ४१,५०,०००.०० |
| १३३१५ विषेश अनुदान पुँजीगत | २,१७,००,०००.०० | १,१७,११,९४०.०० | ५३.९७ | ९९,८८,०६०.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | ९४,००,०००.०० | ६०,२२,६३६.०० | ६४.०६ | ३३,७७,३६४.०० |
| प्रदेश सरकार | ४,२१,१२,०००.०० | ३,०२,४३,२६६.०० | ७१.८१ | १,१८,६८,७३४.०० |
| १३३११ समानिकरण अनुदान | ८६,१२,०००.०० | ०.०० | ० | ८६,१२,०००.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | २,८५,००,०००.०० | २,७२,४३,२६६.०० | ९५.५९ | १२,५६,७३४.०० |
| १३३१४ विषेश अनुदान चालु | ३०,००,०००.०० | ३०,००,०००.०० | १०० | ०.०० |
| १३३१६ समपुरक अनुदान चालु | २०,००,०००.०० | ०.०० | ० | २०,००,०००.०० |
| राजस्व बाडफाड | ३४,९२,१२,१५३.०० | ८,०८,२६,३४९.०५ | २३.१५ | २६,८३,८५,८०३.९५ |
| ११३१५ घरजग्गा रजिष्टेशन दस्तुर | २,५०,००,०००.०० | ५९,९५,१८१.०१ | २३.९८ | १,९०,०४,८१८.९९ |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | १०,०६,००,८१०.०० | २,७६,७०,४९१.४४ | २७.५१ | ७,२९,३०,३१८.५६ |
| ११४२१ बाँडफाँड भ◌ंइ प्राप्त हुने अन्त:शुल्क | ३,३५,३३,६०३.०० | १,०८,८०,३६५.९२ | ३२.४५ | २,२६,५३,२३७.०८ |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | १,८५,७७,७४०.०० | (१२,५४,००२.३२) | -६.७५ | १,९८,३१,७४२.३२ |
| ११४७२ बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | १५,००,०००.०० | ०.०० | ० | १५,००,०००.०० |

**व्यय**

| शीर्षक | बार्षिक बजेट | खर्च | खर्च(%) | मौज्दात |
|---|---|---|---|---|
| चालु | ५९,०१,७५,१५३.०० | १८,२५,४८,२०४.३८ | ३०.९३ | ४०,७६,२६,९४८.६२ |
| २१११११ पारिश्रमिक कर्मचारी | ८,४६,६९,०००.०० | २,११,५४,७५१.९२ | २४.९९ | ६,३५,१४,२४८.०८ |
| २१११२ पारिश्रमिक पदाधिकारी | १,८७,००,०००.०० | ६३,५५,१७५.०० | ३३.९७ | १,२३,४४,८२५.०० |
| २११२१ पोशाक | २१,३०,०००.०० | ६,३०,०००.०० | २९.५८ | १५,००,०००.०० |
| २११३२ महंगी भत्ता | २०,००,०००.०० | ५,२०,०००.०० | २६ | १४,८०,०००.०० |
| २११३४ कर्मचारीको बैठक भत्ता | १०,२०,०००.०० | १,७१,०००.०० | १६.७६ | ८,४९,०००.०० |
| २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | २५,१०,०००.०० | ६,८७,२००.०० | २७.३८ | १८,२२,८००.०० |
| २११३९ अन्य भत्ता | ३१,४८,०००.०० | २,०९,८७१.०० | ६.६७ | २९,३८,१२९.०० |
| २११४९ पदाधिकारी अन्य भत्ता | ३२,०००.०० | ०.०० | ० | ३२,०००.०० |
| २१२१४ कर्मचारी कल्याण कोष | २५,००,०००.०० | २१,३०,८३६.०० | ८५.२३ | ३,६९,१६४.०० |
| २१२१९ अन्य सामाजिक सुरक्षा खर्च | ४५,००,०००.०० | ३,०३,६०९.०० | ६.७५ | ४१,९६,३९१.०० |
| २२१११ पानी तथा बिजुली | २०,००,०००.०० | ६,८६,७८२.०० | ३४.३४ | १३,१३,२१८.०० |
| २२११२ संचार महसुल | २४,००,०००.०० | ४३,३५३.०० | १.८१ | २३,५६,६४७.०० |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | ७६,५०,०००.०० | २१,८३,११८.०० | २८.५४ | ५४,६६,८८२.०० |
| २२२१४ बिमा तथा नवीकरण खर्च | ५,००,०००.०० | १,२८,५११.०० | २५.७ | ३,७१,४८९.०० |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | २५,००,०००.०० | १०,२१,९९९.०० | ४०.८८ | १४,७८,००१.०० |
| २२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | २,००,०००.०० | २,००,०००.०० | १०० | ०.०० |
| २२२९१ अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च | ५,००,०००.०० | ०.०० | ० | ५,००,०००.०० |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | ५५,१८,०००.०० | ११,७४,०९४.०० | २१.२८ | ४३,४३,९०६.०० |
| २२३१२ पशुपंक्षीहरूको आहार | १०,००,०००.०० | ७,१०,८६७.०० | ७१.०९ | २,८९,१३३.०० |
| २२३१४ इन्धन - अन्य प्रयोजन | १,००,०००.०० | ०.०० | ० | १,००,०००.०० |
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ३३,२०,०००.०० | ८,२९,५७१.०० | २४.९९ | २४,९०,४२९.०० |
| २२३१९ अन्य कार्यालय संचालन खर्च | ८८,७५,०००.०० | ३५,९७,७४४.०० | ४०.५४ | ५२,७७,२५६.०० |
| २२४११ सेवा र परामर्श खर्च | ३,००,०००.०० | २,५५,९४६.०० | ८५.३२ | ४४,०५४.०० |
| २२४१३ करार सेवा शुल्क | ५,०६,०००.०० | १,०४,१९०.०० | २०.५९ | ४,०१,८१०.०० |
| २२५११ कर्मचारी तालिम खर्च | ७,००,०००.०० | २,००,०००.०० | २८.५७ | ५,००,०००.०० |
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | १,५६,८१,०००.०० | ५५,४६,२३०.०० | ३५.३६ | १,०१,३४,७७०.०० |
| २२५२१ उत्पादन सामग्री / सेवा खर्च | १३,७३,०००.०० | १०,२०,४२१.०० | ७४.३१ | ३,५२,५७९.०० |
| २२५२२ कार्यक्रम खर्च | ९,५७,३९,०००.०० | २,२४,९६,६१३.०० | २३.५ | ७,३२,४२,३८७.०० |
| २२५२९ विविध कार्यक्रम खर्च | ८९,९४,७४०.०० | ३५,६८,१९८.०० | ३९.६७ | ५४,२६,५४२.०० |



जीवन गौतम
अधिकारी

# निजगढ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, बारा
**Office Code : ८०२२१४०२३००**

### आय व्ययको बिबरण

FY : २०८२/८३ अवधी : २०८३/०१/०१-२०८३/०३/३२

| आय | | | | |
|---|---|---|---|---|
| १४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | १७,००,००,०००.०० | ३,७५,३४,३१३.०० | २२.०८ | १३,२४,६५,६८७.०० |
| अन्तरिक श्रोत | २२,६६,९०,०००.०० | ३,२६,१६,७६९.३८ | १४.३९ | १९,४०,७३,२३०.६२ |
| ११३१३ सम्पती कर | १,५०,००,०००.०० | २,२१,४११.१५ | १.४८ | १,४७,७८,५८८.८५ |
| ११३१४ भुमिकर/ मालपोत | ५०,०००.०० | १४,३७,००३.९९ | २८७४.०१ | (१३,८७,००३.९९) |
| ११३१७ वहाल कर | ५०,००,०००.०० | ३६,०७,५३३.२१ | ७२.१५ | १३,९२,४६६.७९ |
| ११४५२ पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ३,१५,४०,०००.०० | २७,९८,३८४.०० | ८.८६ | २,८७,४१,६१६.०० |
| ११४७९ अन्य मनोरञ्जन कर | २,००,०००.०० | ०.०० | ० | २,००,०००.०० |
| १४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ४,५०,०००.०० | ०.०० | ० | ४,५०,०००.०० |
| १४१९१ पर्यटन शुल्क | १०,००,०००.०० | ०.०० | ० | १०,००,०००.०० |
| १४२२१ न्यायिक दस्तूर | २,००,०००.०० | १,३००.०० | ०.६५ | १,९८,७००.०० |
| १४२२३ शिक्षा क्षेत्रको आम्दानी | ५०,००,०००.०० | ८९,६००.०० | १.७९ | ४९,१०,४००.०० |
| १४२२४ परीक्षा शुल्क | २,००,०००.०० | ०.०० | ० | २,००,०००.०० |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | ५०,००,०००.०० | २,३४,०६८.०० | ४.६८ | ४७,६५,९३२.०० |
| १४२४१ पार्किङ्ग शुल्क | २,५०,०००.०० | ०.०० | ० | २,५०,०००.०० |
| १४२४२ नक्सापास दस्तुर | २,५०,००,०००.०० | ५,७७,५३०.४९ | २.३१ | २,४४,२२,४६९.५१ |
| १४२४३ सिफारिश दस्तुर | ३५,००,०००.०० | ११,४६,६८५.०० | ३२.७६ | २३,५३,३१५.०० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ७५,००,०००.०० | २,९५,९००.०० | ३.९५ | ७२,०४,१००.०० |
| १४२४५ नाता प्रमाणित दस्तुर | ३,००,०००.०० | १,२७,९१०.०० | ४२.६४ | १,७२,०९०.०० |

| व्यय | | | | |
|---|---|---|---|---|
| २२६११ अनुगमन, मूल्यांकन खर्च | ४८,५०,०००.०० | १८,७४,२९७.०० | ३८.६५ | २९,७५,७०३.०० |
| २२६१९ अन्य भ्रमण खर्च | ९,००,०००.०० | ६,००,०००.०० | ६६.६७ | ३,००,०००.०० |
| २२७११ विविध खर्च | १,७३,००,४१३.०० | ९४,३४,९६५.०० | ५४.५४ | ७८,६५,४४८.०० |
| २२७२१ सभा सञ्चालन खर्च | १०,००,०००.०० | ५,३०,१९०.०० | ५३.०२ | ४,६९,८१०.०० |
| २५३११ शैक्षिक संस्थाहरूलाई सहायता | २२,६२,४७,०००.०० | ७,०८,९७,४८३.०० | ३१.३४ | १५,५३,४९,५१७.०० |
| २५३१२ स्वास्थ संस्थाहरूलाई सहायता | १९,५०,०००.०० | १९,१८,५००.०० | ९८.३८ | ३१,५००.०० |
| २५३१४ धार्मिक तथा सांस्कृतिक संस्था सहायता | २१,००,०००.०० | १४,२८,८००.०० | ६८.०४ | ६,७१,२००.०० |
| २५३१५ अन्य सस्था सहायता | ६५,२०,०००.०० | ६,३९,३७२.०० | ९.८१ | ५८,८०,६२८.०० |
| २७१११ सामाजिक सुरक्षा | ६,५०,०००.०० | १,२६,०००.०० | १९.३८ | ५,२४,०००.०० |
| २७११२ अन्य सामाजिक सुरक्षा | ८२,३८,०००.०० | २२,७७,००५.४६ | २७.६४ | ५९,६०,९९४.५४ |
| २७२११ छात्रवृत्ति | ३८,६०,०००.०० | २,४६,०००.०० | ६.३७ | ३६,१४,०००.०० |
| २७२१२ उद्दार, राहत तथा पुनर्स्थापना खर्च | १,०२,९०,०००.०० | २०,४७,७२७.०० | १९.८९ | ८२,४२,२७३.०० |
| २७२१३ औषधीखरिद खर्च | ७०,१५,०००.०० | १,९६,६१०.०० | २.८ | ६८,१८,३९०.०० |
| २७२१९ अन्य सामाजिक सहायता | ९१,५०,०००.०० | ४०,९१,६४५.०० | ४४.७२ | ५०,५८,३५५.०० |
| २८१४१ जग्गाको भाडा | ५,००,०००.०० | १,७३,४००.०० | ३४.६८ | ३,२६,६००.०० |
| २८१४२ घरभाडा | ४,००,०००.०० | ७०,१३०.०० | १७.५३ | ३,२९,८७०.०० |
| २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | २,८९,०००.०० | २,१६,०००.०० | ७४.७३ | ७३,०००.०० |
| २८२१९ अन्य फिर्ता | ९८,५०,०००.०० | ९८,५०,०००.०० | १०० | ०.०० |
| पूंजीगत | ४४,९७,९९,०००.०० | ९,८५,३७,९६३.०० | २१.९१ | ३५,१२,६१,०३७.०० |
| ३११११ आवासीय भवन निर्माण/खरिद | १,८०,००,०००.०० | ६१,६८,४४८.०० | ३४.२७ | १,१८,३१,५५२.०० |
| ३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च | ६१,००,०००.०० | ९,८३,७६५.०० | १६.१३ | ५१,१६,२३५.०० |
| ३११२२ मेशिनरी तथा औजार | ७७,९२,०००.०० | ११,८७,३००.०० | १५.२४ | ६६,०४,७००.०० |
| ३११२३ फर्निचर तथा फिक्चर्स | २९,५०,०००.०० | १३,६८,८२८.०० | ४६.४ | १५,८१,१७२.०० |
| ३११३२ अनुसन्धान तथा विकास सम्बन्धी खर्च | ३०,००,०००.०० | ७,४४,८३२.०० | २४.८३ | २२,५५,१६८.०० |
| ३११३४ कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | ८,००,०००.०० | १,०६,३०६.०० | १३.२९ | ६,९३,६९४.०० |
| ३११३५ पूँजीगत परामर्श खर्च | ९२,१०,०००.०० | २,७०,०२६.०० | २.९३ | ८९,३९,९७४.०० |
| ३११४१ सुरक्षा प्रणाली तथा उपकरण प्राप्ति खर्च | २२,५०,०००.०० | १५,०७,८३५.०० | ६७.०१ | ७,४२,१६५.०० |
| ३११५१ सडक तथा पूल निर्माण | २३,६७,९४,२०८.१४ | २,९३,५६,४३५.०० | १२.४ | २०,७४,३७,७७३.१४ |
| ३११५३ विद्युत संरचना निर्माण | ८०,००,०००.०० | ११,२७,१३०.०० | १४.०९ | ६८,७२,८७०.०० |
| ३११५४ तटबन्ध तथा बाँधनिर्माण | ५७,५०,०००.०० | २६,१०,६४८.०० | ४५.४ | ३१,३९,३५२.०० |
| ३११५५ सिंचाई संरचना निर्माण | १,९७,००,०००.०० | १९,४१,७०१.०० | ९.८६ | १,७७,५८,२९९.०० |
| ३११५६ खानेपानी संरचना निर्माण | ३८,५०,०००.०० | ७,१६,५७८.०० | १८.६१ | ३१,३३,४२२.०० |
| ३११५७ वन तथा वातावरण संरक्षण | ६०,००,०००.०० | ७,४५,०३६.०० | १२.४२ | ५२,५४,९६४.०० |



निजगढ नगरपालिका नगर कार्यपालिका

जीवन गौतम
अधिकारी

# निजगढ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, बारा
**Office Code : ८०२२१४०२३००**

### आय व्ययको बिबरण

FY : २०८२/८३ अवधी : २०८३/०१/०१-२०८३/०३/३२

**आय**

| | | | | |
|---|---|---|---|---|
| १४२४९ अन्य दस्तुर | २,५०,०००.०० | ५,९४,९३२.८७ | २३७.९७ | (३,४४,९३२.८७) |
| १४३११ न्यायिक दण्ड, जरिवाना र जफत | ५,००,०००.०० | ०.०० | ० | ५,००,०००.०० |
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | ५०,००,०००.०० | १,२०,९८०.६७ | २.४२ | ४८,७९,०१९.३३ |
| १४५२१ प्रदुषण नियन्त्रण शुल्क | २,५०,०००.०० | ०.०० | ० | २,५०,०००.०० |
| १४५२९ अन्य राजस्व | २,५०,००,०००.०० | १,९७,१०१.०० | ०.७९ | २,४८,०२,८९९.०० |
| १४६११ व्यवसाय कर | ३५,००,०००.०० | १,६९,९५५.०० | ४.८६ | ३३,३०,०४५.०० |
| १५१११ बेरूजू | २०,००,०००.०० | ७,९६,४७४.०० | ३९.८२ | १२,०३,५२६.०० |
| ३२१२२ बैंक मौज्दात | ९,००,००,०००.०० | २,०२,००,०००.०० | २२.४४ | ६,९८,००,०००.०० |
| जम्मा | १,०३,०४,७४,१५३.०० | २७,१९,६९,०८०.४३ | २६.३९ | ७५,८५,०५,०७२.५७ |

**व्यय**

| | | | | |
|---|---|---|---|---|
| ३१११५९ अन्य सार्वजनिक निर्माण | ८,७९,७२,१७५.४२ | २,४७,८६,७६६.०० | २८.१८ | ६,३१,८५,४०९.४२ |
| ३१११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च | ३१,३०,६१६.४४ | ५,८७,६६५.०० | १८.७७ | २५,४२,९५१.४४ |
| ३१११७१ पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | २,५०,००,०००.०० | २,३३,७८,४१४.०० | ९३.५१ | १६,२१,५८६.०० |
| ३१११७२ पूँजीगत अनुसन्धान तथा परामर्श | ३५,००,०००.०० | ९,५०,२५०.०० | २७.१५ | २५,४९,७५०.०० |
| जम्मा | १,०३,९९,७४,१५३.०० | २८,१०,८६,१६७.३८ | २७.०२ | ७५,८८,८७,९८५.६२ |

निजगढ नगरपालिका नगर कार्यपालिका निजगढ, मधेश प्रदेश २०७३

जीवन गौतम
सूचना अधिकारी

# निजगढ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## निजगढ, बारा, मधेश प्रदेश, नेपाल

(१३) तोकिए बमोजिमको अन्य विवरणः

नियमानुसार तोकिए बमोजिमका अन्य विवरण समेत यस नगरपालिकाको वेबसाइट www.nijgadhmun.gov.np मा समावेश गरिएको छ।

(१४) अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरणः

यस नगरपालिकाले हरेक आर्थिक वर्षको लागि नगर सभाबाट स्वीकृत बजेट, नीति तथा कार्यक्रम बमोजिम समय समयमा विभिन्न प्रकारका नगरपालिकाको क्षेत्राधिकारसँग सम्बन्धित कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ।

(१५) सार्वजनिक निकायको वेबसाइट भए सोको विवरणः

यस नगरपालिकासँग सम्बन्धित संक्षिप्त विवरण एवं सूचनाहरु जानकारीका लागि निजगढ नगरपालिकाको आफ्नै वेबसाइट www.nijgadhmun.gov.np मा राखिएको छ।

(१६) सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरणः

नेपाल सरकार, प्रदेश सरकार मधेश प्रदेशबाट अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, प्रचलित ऐन, नियममा तोकिए बमोजिम वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौताहरु सम्बन्धी कार्य भए वा गरेमा सो को विस्तृत विवरण यस नगरपालिकाको वेबसाइट www.nijgadhmun.gov.np मा राखिने छ।

(१७) सार्वजनिक निकायको वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यसको सूचना संरक्षण गर्न तोकिएको समयावधिः

यस नगरपालिकाको सम्पूर्ण सूचना, विवरण, तथ्याङ्क एवं आवश्यक दस्तावेजहरुको वर्गीकिरण नगरेको तर त्यस्ता सूचनाहरु नगरपालिकाले प्रचलित ऐन, नियमानुसार सुरक्षित राख्ने गरिएको छ।

(१८) २०८३ बैशाख १ गते देखि २०८३ असार मसान्तसम्मको सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरणः

| दर्ता नं. | दर्ता मिति | सूचना कर्ताको नाम | ठेगाना | जानकारी पठाएको मिति | सूचना दिइएको तह | कैफियत |
|---|---|---|---|---|---|---|
| ०३ | २०८३।०१।११ | रविराज दंगाल | निजगढ न.पा. ८ बारा | २०८३।०१।१६ | सूचना अधिकारी | सूचना माग गरिएको निवेदनमा परिचय खुल्ने सरकारी परिचयपत्र नभएको जानकारी दिइएको |
| ०४ | २०८३।०१।२२ | रविराज दंगाल | निजगढ न.पा. ८ बारा | २०८३।०२।०५ | सूचना अधिकारी | |

निजगढ नगरपालिका नगर कार्यपालिकाको कार्यालय निजगढ, बारा मधेश प्रदेश, नेपाल २०७३

जीवन गौतम
सूचना अधिकारी

# निजगढ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# निजगढ, वारा, मधेश प्रदेश, नेपाल

(१९) २०८३ साल बैशाख १ गते देखि असार मसान्तसमम हेलो सरकारमार्फत प्राप्त उजुरी तथा गुनासो विवरणः

सो अवधिमा हेलो सरकारमार्फत विभिन्न २१ वटा गुनासोहरू प्राप्त भएकोमा १६ वटा गुनासोहरू फछ्र्यौट गरी पठाइएको र ५ वटा गुनासोहरू फछ्र्यौट हुन बाँको रहेको छ।

(२०) सार्वजनिक निकायको सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सोको विवरणः

निजगढ नगरपालिकाको महत्वपूर्ण सूचनाहरु राष्ट्रियस्तरका दैनिक पत्रिकामा प्रकाशित गर्ने गरेको र त्यस्को विवरण नगरपालिकाको वेवसाइट www.nijgadhmun.gov.np र फेसबुक पेज मार्फत सार्वजनिक गर्ने गरिएको छ। यसका अलावा निजगढमा सञ्चालनमा रहेका दुई ओटा एफ. एम. रेडियोहरुमार्फत पनि समय समयमा सूचनाहरु सम्प्रेषण गर्ने गरिएको छ। साथै, मिति २०८३ साल बैशाख १ गते देखि मिति २०८३ साल असार मसान्तसम्म निजगढ नगरपालिकाले विभिन्न विषयसँग सम्बन्धित जम्मा ३४ ओटा सूचनाहरु आफ्नो वेबसाइट र फेसबुक पेज मार्फत सार्वजनिक गरेको छ।

जीवन गौतम
सूचना अधिकारी
मितिः२०८३।०४।११

निजगढ नगरपालिका नगर कार्यपालिकाको कार्यालय निजगढ, वारा मधेश प्रदेश, नेपाल २०७३

जीवन गौतम
सूचना अधिकारी

**बोधार्थः**

श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय,
प्रेस तथा सूचना समन्वय शाखा, सिंहदरवार, काठमाडौँ।
श्री राष्ट्रिय सूचना आयोग,
त्रिपुरेश्वर,काठमाडौँ।
श्री जिल्ला प्रशासन कार्यालय,
कलैया, वारा।